CCD
Centre for Constitutional Dialogue
संवैधानिक संवाद केन्द्र

Constitution Building e-Bulletin

A quick and easy way to update yourself on the latest CCD news.

आदरणीय पाठकबृन्द,

वर्ष १ अङ्क २ अप्रिल १० को संविधान निर्माण इ-बुलेटिन तपाईं सामु प्रस्तुत छ । यसभित्र नेपालमा संविधान निर्माणको क्षेत्रमा कार्य गरिरहेका व्यक्तिका साथै नयाँ संविधानतर्फ नेपालको द्रुत प्रगतिबारे आफूलाई अद्यावधिक राख्न चाहने अन्य नागरिकका निम्ति पनि रूचिपूर्ण एवं सान्दर्भिक जानकारी र श्रोत सामग्री संलग्न छन् । संविधान सभा, संयुक्त राष्ट्रसंघ, दातृ समुदाय, सञ्चार माध्यम, नागरिक समाज संगठन, अन्तराष्ट्रिय गैसस र अन्य निकायसँगको सामञ्जस्यताबाट यो जानकारीको निर्माण गरिएको हो । सहज पहुँचका लागि यो जानकारी संवैधानिक संवाद केन्द्र को वेबसाइटमा पनि राखिनेछ । तपाईंले आगामी दिनका अद्यावधिक जानकारी र वेबसाइटका लागि कुनै सहयोगी सामग्री वा जानकारी दिनचाहनुभएमा सो सामग्री यस केन्द्रको सञ्चार टोलीलाई उपलब्ध गराइदिन हुन प्रेरित गर्दछौं । कृपया आफूसँग भएको जानकारीलाई आवश्यक सन्दर्भ सामग्री र वेब लिङ्क सहित info@ccd.org.np मा पठाउनुहोला ।

अङ्क २ यहाँको निम्ति रोचक र लाभदायी रहनेछ भन्ने आशा गर्दछौं ।

यहाँहरूकै,

संवैधानिक संवाद केन्द्र

यो इ-बुलेटिनमा

- संविधान सभामा के हुँदैछ
- संवैधानिक संवाद केन्द्रमा के हुँदैछ
- संविधान सभाकी महिला सदस्य अमृता थापा मगरसँगको अन्तर्वार्ता
- नयाँ संविधानमा महिला सम्बन्धी मुद्दाहरू

- विराटनगरवासीको आवाज
- परियोजनाको नागरिक समाज पहुँच एकाइका क्रियाकलाप
- बीबीसी विश्व सेवा ट्रष्टका क्रियाकलाप
- संविधान निर्माणसम्बन्धी श्रोतसामग्री एवं पछिल्ला प्रकाशनहरू

संविधान सभामा के हुँदैछ

औपचारिक रूपमा संविधान निर्माण प्रकियाको अन्तिम मिति मे २८ (जेठ १४) यथावत छ । तर नयाँ संविधानको छिनोफानो गर्न दुई महिना मात्र रहेको अवस्थामा अन्तरिम संविधानको संशोधन गरेर संविधान सभाको कार्यादेश थप्ने सम्भावनाबारे दलहरूबीच छलफल भइरहेको छ । संवैधानिक समितिले हालसम्म पनि संविधानको वास्तविक मस्यौदा तयार पार्ने कार्य शुरू गर्न सकेको छैन, किनभने यसले ११ वटा अवधारणा पत्रहरूमध्ये संविधान सभाको पूर्ण सत्रबाट खुला मुद्दाहरूको समाधान गर्ने सुझाव र निर्देशन सहितका २ वटा अवधारणा पत्रहरू मात्र प्राप्त गरेको छ ।

बाँकी रहेका विवादास्पद मुद्दाहरूको समाधान गर्ने प्रक्रियाको बारेमा तीन ठूला दलहरूले वार्ता जारी राखेका छन् । यी मुद्दाहरूमा शान्ति प्रक्रिया र सम्पूर्ण राजनीतिक व्यवस्था सम्बन्धी महत्वपूर्ण बुँदा संलग्न छन्, जुन संविधान निर्माणको सन्दर्भभन्दा बाहिरै पर्छन् ।

संविधान सभा पूर्ण बैठकले संविधान सभाका सदस्य अग्नि खरेल (नेकपा-एमाले) को अध्यक्षतामा गठन भएको १५ सदस्यीय अध्ययन टोलीलाई समितिका अवधारणा पत्रको विश्लेषण गर्ने र यसभित्रका मतभिन्नता एवं तालमेल नमिलेका विषयहरू समाधान गर्ने जिम्मा सुम्पेको छ । यसले अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समितिको अवधारणा पत्र माथि आफ्ना सुझावहरू मार्च २८ मा संविधान सभा अध्यक्ष सुभाष नेम्वाङलाई बुझाएको छ । ३० मार्चको पूर्ण संसदमा सो प्रतिवेदन प्रस्तुत गरिएको थियो र संवैधानिक समितिलाई पेश गरिने यो तेस्रो अवधारणा पत्र हुनेछ । अवधारणा पत्र अध्ययन टोलीले आफ्नो प्रतिवेदनमा “अल्पसंङ्ख्यक” र “सीमान्तकृत समूह” शब्दावलीको पुर्नव्याख्या गरिनुपर्ने प्रस्ताव पेश गरेको छ ।

अल्पसङ्ख्यक र सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समितिको प्रतिवेदनले निम्न कुरामा जोड दिएको छ :

“अल्पसङ्ख्यक” को संशोधित व्याख्या : कानूनले तोकेको भन्दा कम प्रतिशत जनसङ्ख्या भएको; आफ्नो बेग्लै मौलिक जातिगत, भाषिक र धार्मिक पहिचान भएर ती पहिचानलाई जोगाइ राख्न

इच्छुक भएको; र भेदभाव एवं थिचोमिचो सहनुपरेको समुदायलाई अल्पसङ्ख्यक समुदाय को मान्यता दिइने छ ।

"सीमान्तकृत समुदाय" : ती समुदायका व्यक्तिहरू जो राजनीतिक, आर्थिक र सामाजिक रूपमा पिछडिएका छन्; जो भेदभाव, दमन वा भौगोलिक विकटताका कारणले सेवा र सुविधा प्राप्त गर्नबाट वञ्चित भएका छन् वा सकेका छैनन्; र जो कानूनले तोकेबमोजिम पछिल्लो मानव विकास सुचकाङ्क भन्दा मुनि पर्छन् । यो शब्दावलीले अति सीमान्तकृत र लोपोन्मुख समुदायलाई पनि जनाउँछ ।

- समितिले अल्पसङ्ख्यक र सीमान्तकृत वर्गको वस्तुस्थिति अनुगमन गर्न भावी संवैधानिक अङ्गमा एउटा संयन्त्र निर्माणको व्यवस्था हुनुपर्ने सुझाव पेश गरेको छ ।

अल्पसङ्ख्यक समुदायलाई आफ्नो सांस्कृतिक सम्पदा, परम्परागत ज्ञान र सीप तथा भाषाको संरक्षण गर्न पाउने अधिकार छ । यसका साथै उनीहरूले आफ्नो भूमि र प्राकृतिक श्रोत दावी गर्न पाउने र मातृभाषामा सूचना पाउने अधिकार राख्दछन् ।

- अल्पसङ्ख्यक समुदायको सम्पूर्ण राज्य संरचनामा समानुपातिक प्रतिनिधित्व जनाउने अधिकार हुनेछ । सीमान्तकृत समुदायलाई सरकारी सेवामा आरक्षण/कोटा प्रदान गरिनुका साथै शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा विशेष अधिकार प्रदान गरिने छ ।

सीमान्तकृत समूहले पुस्तैनी भोगचलन गरिरहेका भूमि र प्राकृतिक श्रोतमाथि उनीहरूको अधिकार हुनेछ ।

संवैधानिक संवाद केन्द्रमा के हुँदैछ

क. गोष्ठी श्रृङ्खला (संवैधानिक संवाद केन्द्रमा आयोजित)

- मन्सुर हसनले १ मार्च २०१० मा **भ्रष्टाचारविरोधी कदम : बङ्गलादेशको एक अनुभव** विषयक विचारगोष्ठी प्रस्तुत गर्नुभएको थियो । मन्सुर हसनले बङ्गलादेशमा भ्रष्टाचार विरूद्ध चालिएको कदमबारे आफ्ना अनुभव बाँड्नुभयो । वहाँले बङ्गलादेश, यसका शासन संस्थाहरूको अवस्था र शासन व्यवस्थाका प्रमुख चुनौतीहरूबारे संक्षिप्त विवरण प्रदान गर्नुभयो । वहाँले माइक्रो फाइनान्स (लघु-वित्त) र यसले बङ्गलादेशको गरिबी निराकरणमा पारेको सकारात्मक प्रभावका बारेमा पनि चर्चा गर्नुभयो ।

- ४ मार्च २०१० मा हेनरिक एफ. लार्सन र पउलिन टामासिसले **सङ्क्रमणकालीन प्रारम्भिक चुनौतीहरू**सम्बन्धी प्रस्तुति गर्नुभयो । संविधान निर्माण प्रक्रियाको प्रगतिका बारेमा संविधान सभाका सदस्यहरूलाई अद्यावधिक गराइयो र संविधान सभाका सदस्यहरूले यूएनडीपीले गर्न सक्ने सहयोगको बारेमा आफ्ना विचार प्रस्तुत गर्नुभयो । संविधान सभाका सदस्यहरूले संवैधानिक संवाद केन्द्र र यूएनडीपी नेपालका अन्य कार्यक्रमहरूबाट उपलब्ध भइरहेको सेवा र सुविधाको निरन्तरताको लागि अनुरोध गर्नुभयो । साथै वहाँहरूले नेपालको राजनीतिक गतिरोधको अन्त्य गर्न मध्यस्थकर्ताको भूमिका निर्वाह गर्न यूएनडीपीलाई विज्ञ-सल्लाह प्रदान गर्न आग्रह गर्नुभयो ।

- ९ मार्च २०१० मा **लैङ्गिक समता र सामाजिक समावेशिता** बारे मीरा ढुङ्गाना र धनप्रसाद पण्डितले गोष्ठीपत्र प्रस्तुत गर्नुभयो । ढुङ्गानाले विविध संविधान सभाका समितिहरूले मसौदा तयार पारिरहेका अवधारणा पत्रमा विभेदकारी व्यवस्थाहरूको संशोधन हुनुपर्ने सुझाव राख्नुभयो भने पण्डितले संविधान सभाका सदस्य र अन्य राजनीतिक नेताहरूले प्राथमिकतामा राख्नुपर्ने राष्ट्रिय मुद्दाहरूमा जोड दिनुभयो ।

- माननीय राजेन्द्र कुमार खेतानले १७ मार्च २०१० मा **प्राकृतिक श्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड सम्बन्धी संविधान सभाको प्रतिवेदनमाथि** गोष्ठीपत्र प्रस्तुत गर्नुभयो । श्री खेतानले समतापूर्ण समाज, समान न्याय, मानव अधिकार, वातावरण परिवर्तन, कर एवं राजस्व सङ्कलन तथा प्राकृतिक श्रोत खोजी/उत्खननका चुनौती र अवसरका बारे चर्चा गर्नुभयो । वहाँले प्रतिस्पर्धात्मक लोकतन्त्र र मिश्रित अर्थप्रणालीमा जोड दिनुभयो । वहाँले पर्याप्त लगानी र उद्योग, कारोबार तथा निर्यातको प्रर्वद्धनबाट मात्र यथेष्ट रोजगारीको सिर्जना गर्न सकिने तथ्यको उद्घाटन गर्नुभयो ।

- **पहुँचमा अधिकार : नयाँ संविधानमा रहेका गम्भीर कमीहरूलाई सम्बोधन गर्ने कार्य** विषयक गोष्ठीको १९ मार्चमा आयोजना भयो । दुवै प्रस्तुतकर्ता बिटरिस लिन्डस्ट्रम र जो साल्जम्यानले नयाँ संविधानमा समानता र मानव अधिकारको व्यवस्थालाई सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभयो । हरेक अधिकार उत्तिकै महत्वपूर्ण छ र मानव

अधिकारलाई नागरिकमा मात्र सीमित राख्न मिल्दैन । नयाँ संविधानमा यस्तो प्रावधानको व्यवस्था हुनुपर्छ जसले संविधानमा उल्लेखित कुनै पनि कुराले कुनै पनि व्यक्ति वा समुहलाई अरूको अधिकार वा स्वतन्त्रता हनन गर्ने स्वीकृति दिइएको भनी व्याख्या गर्ने ठाउँ नदेओस् ।

- **अन्तर्राष्ट्रिय जातिय विभेद विरूद्ध दिवस**का अवसरमा २३ मार्च २०१० मा जन उत्थान प्रतिष्ठानसँगको साझेदारीमा संविधान निर्माण प्रक्रिया विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना भएको थियो । डा. ओम गुरूङ र यम बहादुर किसानले आफ्ना विचार प्रस्तुत गर्नुका साथै सहभागीको प्रश्नका उत्तर दिनुभयो । डा. गुरूङले सबै किसिमका विभेदको अन्त्य गर्न राज्यले नै पीडितका लागि विशेष कानूनको संरचना तयार पारी क्षतिपूर्ति दिनुपर्ने बताउनुभयो । जनजाती र आदिवासीको राज्यले पहिचान गर्नुपर्छ र सम्मान गर्नुपर्छ । राज्यले इमान्दारीका साथ यूएनको आदिवासीसम्बन्धी घोषणापत्र र आइएलओ १६९ को कार्यान्वयन गर्नुपर्छ । यम बहादुर किसानले संवैधानिक पहलबाट नै जातीय विभेदको अन्त्य हुनुपर्नेमा जोड दिनुभयो । वहाँले समतामूलक समाजका लागि पुरस्कार र सजाय, न्यायमा पहुँच एवं संवैधानिक र कानूनी संयन्त्रको आवश्यकताबारे छलफल गर्नुभयो ।

ख) परामर्श/अवधारणा पत्र छलफल (संवैधानिक संवाद केन्द्रमा आयोजित)

- ११ मार्च २०१० मा संविधान सभाका सदस्य र नागरिक समाजका प्रतिनिधिका लागि **शासकीय प्रणाली : राष्ट्रपतीय, संसदीय र मिश्रित प्रणाली** विषयक परामर्श कार्यक्रमको आयोजना भयो । प्रा. डा. लोक राज बराल र काशी राज दाहालले नेपालका लागि उत्तरदायी, प्रतिनिधिमूलक, निष्ठावान् राजनैतिक नेता, जनताबाट प्राप्त वैधता र स्थिरतामा जोड दिनुभयो ।

- २५ मार्च २०१० मा सुशील ज्ञवाली र सोमलाल द्वारा संविधान सभाका सदस्य र नागरिक समाजका प्रतिनिधिका लागि **स्थानीय शासनका संरचना र व्यवस्थापन : चुनौती र अवसर** विषयक परामर्श कार्यक्रमको आयोजना भयो । ज्ञवालीले स्थानीय शासनको संरचना र शक्ति बाँडफाँडमा ध्यान दिनुभयो भने सुवेदीले नेपालमा स्थानीय शासनका चुनौतीहरूमा प्रकाश पार्नुभयो । स्थानीय विकासमन्त्री माननीय पूर्ण कुमार शेर्माले पनि सो मुद्दामा आफ्ना विचार प्रस्तुत गर्नुभयो ।

प्रा. रोनाल्ड वाट्सबाट २६ मार्च २०१० मा **सङ्घीयताका मुद्दासम्बन्धी कार्यक्रम** प्रस्तुत गरियो । प्रा. वाट्सले संघीय प्रणाली जुनसुकै ढाँचामा तयार पारिए पनि तिनका छ वटा विशेषता हुने तथ्य प्रष्ट पार्नुभयो । सर्वप्रथम त्यहाँ दुई वा सो भन्दा बढी तहका सरकार हुन्छन् । दोश्रो, त्यसमा शक्ति र

श्रोतको संवैधानिक विभाजन हुन्छ । तेस्रो, तिनीहरूले एउटा केन्द्रीय संस्थाको निर्माण गर्छन् जसले राष्ट्रभरिका समूहको प्रतिनिधित्व र संलग्नता जनाउँछ । चौथो, त्यहाँ एउटा लिखित र सर्वमान्य संविधान हुन्छ । पाँचौ, त्यहाँ एउटा निर्णेता वा निर्णायक हुन्छ जसले सरकार आफ्नो अधिकार क्षेत्र भित्र वा बाहिर रही काम गरेको निर्धारण गर्दछ । छैठौँ, कुनै पनि संघीय व्यवस्थाका लागि अन्तर-सरकारी सहकार्यमूलक प्रक्रिया र संस्थाको स्थापना अत्यधिक महत्वपूर्ण हुन्छ । संघीय प्रणालीको चुरो कुरो भनेकै सन्तुलन र सम्झौता हो । हामी सन्तुलन र सहकार्यबाट टाढिएपछि जहिल्यै पनि फूट र विभाजनमा पुग्छौ ।

संविधान सभाकी महिला सभासद अमृता थापा मगरसँगको अन्तर्वार्ता

अमृता थापा मगर संविधान सभा सभासद र नेपाल एकीकृत कम्युनिष्ट पार्टी (माओवादी) की कार्यकर्ताका रूपमा परिचित नाम हो । पोखरा छेउको स्याङ्जा जिल्लामा जन्मिएकी मगर संविधान सभा को **प्राकृतिक श्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड** समितिकी अध्यक्ष हुनुहुन्छ । यसका साथै वहाँ छ महिनाकी छोरी निभाकी मायालु आमा पनि हुनुहुन्छ । आफ्नी आमा काठमाडौँ भित्र वा बाहिर जतासुकै जानुपर्दा पनि निभा उनीसँगै हुन्छिन् । अमृताले संविधान सभा सदस्य र आमा हुनुको दोहोरो जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गर्नुभएको छ । छोरी निभा मात्र तीस दिनकी हुँदा उहाँले विषयगत समितिको प्रतिवेदन बनाउन शुरू गर्नुभएको थियो । त्यतिखेर वहाँ बाहिर गाडीमा आफ्नी नानीलाई छोडेर छलफलहरूमा उपस्थिति जनाउनु हुन्थ्यो र संविधान लेखनको ऐतिहासिक कार्यका लागि दिनभरि खट्नुहुन्थ्यो । निभा वहाँकी दोश्री छोरी हुन् - वहाँकी जेठी छोरी अहिले झण्डै तेह्र वर्षकी भइसकिन् । जनयुद्धमा वहाँ भूमिगत हुनु भएकीले अर्को सन्तानको लागि वहाँसँग समय थिएन । मूलधारको राजनीतिमा प्रवेश गरिसकेपछि पनि वहाँले दोश्रो सन्तानको योजना बनाउन उपयुक्त समय कुर्नुपर्‍यो किनभने वहाँ संविधान सभा सदस्यका रूपमा आफ्नो जिम्मेवारीबाट एक दिन पनि चुक्न चाहनु हुन्नथ्यो । यो अर्न्तवार्ताको लागि संवैधानिक संवाद केन्द्र इ-बुलेटिन टोली वहाँलाई भेट्न जाँदा हामीले सामान्यतया संविधान सभा समितिको अध्यक्षलाई दिइने सरकारी नम्बर प्लेट भएको गाडीभित्र झुण्डयाइएको शलको कोक्रो र एकजना सुसारेलाई देख्यौँ । नानी खुशी भई कोक्रोमा हल्लिदैँ थिइन् । यो गाडी नै निभाको शिशु स्याहार कक्ष हो किनभने संविधान सभा सचिवालयमा सुत्केरी आमाहरूको लागि शिशु स्याहार केन्द्रको व्यवस्था छैन । अन्तर्वार्ता सकिदाँखेरि अमृताले आफ्नी शिशुलाई खुवाउने बेला भएको थियो । वहाँ हाम्रो टोलीसँगै तल झर्नुभयो र नानीलाई स्याहार गर्न थाल्नुभयो । हरेक आमाले झैँ आफ्नो सन्तानको रेखदेख गर्न पाउँदा वहाँले पनि गर्व अनुभव गर्नुभएको

देखियो । संविधान सभा सचिवालय गइरहने हरेक व्यक्तिलाई यो नानी र उनको स्याहार विधिको बारेमा थाहा छ । अमृता, निभा र उनकी सुसारेसँग गाडीमा घरतर्फ जाँदा र पुनः संविधान सभातर्फ फर्किदाँको यात्रामा रोजी कट्टेलले अमृतासँग संविधान सभा सदस्य र आमाको दोहोरो भूमिकाको बारेमा कुराकानी गरिन् ।

प्रश्न : संविधान सभा सभासद र आमा हुनुको दोहोरो जिम्मेवारी उठाउँदा यहाँलाई कस्तो लागिरहेको छ ?

उत्तर : शुरूमा यी दुवै कार्य सफलतापूर्वक निर्वाह गर्न सक्छु कि सक्दिन भन्ने ठूलो चिन्ता ममा थियो । दशैँपछि प्रतिवेदनको तयारी सम्पन्न होला भन्ने मेरो विचार थियो तर त्यसो भएन । त्यसैले संविधान लेखनको ऐतिहासिक कार्यमा योगदान दिन म मेरो सुत्केरी बिदाबाट चाँडै फर्किएर काममा आएँ । व्यक्तिगत रूपमा मैले कुनै महान कार्य गरेजस्तो मलाई लाग्दैन किनभने गाउँमा महिलाहरू घाँसपात वा दाउरा खोज्न जाँदा सन्तान जन्माउँछन् र अरू सन्तान भएको आफ्ना घरमा फर्कन्छन् । म दुवै जिम्मेवारीलाई बेग्ला बेग्लै लिने गर्छु । संविधान सभा सदस्यका रूपमा म जनताप्रति जिम्मेवार छु र आमाको रूपमा मेरो छोरीको लालनपालनको लागि जिम्मेवार छु । मेरो पेशागत कार्यबाट म जतिसुकै थकित भएपनि मेरो छोरीलाई देख्ने बित्तिकै स्फूर्त हुन्छु । यसरी मलाई अझ राम्रो कार्य गर्ने उर्जा मिल्छ ।

प्रश्न : संविधान सभा सदस्यको भूमिकातर्फ फर्कंदा, तपाईंको समितिले प्रतिवेदन पेश गरिसकेको छ । हाल तपाईं के मा व्यस्त हुनुहुन्छ ?

उत्तर : म संविधान सभा का बैठकहरूमा भाग लिन्छु । विधायिका संसदको हिउँदे अधिवेशन ४ अप्रिल २०१० देखि शुरू हुन लागेको छ । यसका अतिरिक्त काठमाडौँ र बाहिरका जिल्लामा विभिन्न संघसंस्था तथा हाम्रै पार्टीले आयेजना गरेका कार्यक्रममा भाग लिन्छु । म भुमिगत हुँदाका बेला र त्यसपश्चात् मैले लेखेका लेखहरूको सँगालो पनि प्रकाशित गर्ने तयारीमा छु ।

प्रश्न : कृपया आफ्नो दैनिकीको वर्णन गरिदिनुहोस् ।

उत्तर : निभा बिहान पाँच बजेतिर उठ्छिन् । म उनको थाङ्ना फेरिदिन्छु र उनलाई खुवाउँछु । सात साढे सात तिर जब उनी फेरि निदाउँछिन्, म आफ्ना लुगा ठिक पार्छु, अलिकति पढ्छु र अरू केही काम भए त्यो पनि गर्छु । मेरी एक सेवा प्रदायक छिन् जसले मलाई यसमा सघाउँछिन् । निभा फेरि उठेपछि म उनलाई फेरि खुवाउँछु किनभने म उनलाई हरेक दुई घण्टामा खुवाउँछु । कहिलेकाहीँ म बिहान छ सात बजे नै घरबाट निस्कनु पर्ने हुँदा म उनलाई आफुसँगै लान्छु र उनी गाडीमै सुत्छिन् । मलाई कस्तो लाग्छ भने उनी घरमा हुँदा मोटाउँछिन् र स्वस्थ्य पनि देखिन्छिन् । खासगरी लामो यात्रामा जाँदा समय मिल्दा उनीसँगै पल्टिन्छु तर यसो गर्नु अलि अप्ठ्यारो हुन्छ किनभने हामीसँग यसको लागि सुविधा छैन । तर संविधान सभा सचिवालयले मेरी सेवा प्रदायक(सुसारे)लाई पनि अनुमति प्रवेश पास दिएको छ । म छलफलमा व्यस्त भएको बेला उनले नानी हेर्छिन् । हरेक दुई घण्टा उनलाई

खुवाउन म बाहिर निस्कन्छु । उनी मात्र तीस दिनकी हुँदा म पाँच दिनसम्म बिहान ११ बजेदेखि बेलुकी ६ बजेसम्म संविधान सभाको छलफलमा थिएँ, किनभने त्यतिखेर संविधान सभामा मेरो समितिको प्रतिवेदनबारे छलफल हुँदै थियो ।

म एउटा कुरा के भन्न चाहन्छु भने म गर्भवती भएपछि मात्र होइन, त्यो भन्दा अगाडि अन्तरिम विधायिका संसद रहुन्जेल पनि संविधान सभा जस्ता स्थलहरूलाई "महिला मैत्री" बनाउनु पर्नेबारे आवाज उठाएकी थिएँ । म र अरू महिला सभासदले महिलाहरूका लागि थप शौचालयको व्यवस्था हुनुपर्ने बारेमा आवाज उठाएका थियौँ । हामीले शिशु स्याहार केन्द्रका लागि आवाज उठाएका थियौँ । मैले आवाज उठाएपछि मात्र मेरी सेवा प्रदायकको लागि प्रवेश अनुमति पास उपलब्ध गराइयो, तर अन्य कार्य हुन बाँकी नै छ ।

प्रश्न : नेपालको संविधान निर्माण प्रक्रियामा संलग्न महिलाहरूले भोग्नुपर्ने कठिनाइ के के हुन् ?

उत्तर : राजनैतिक रूपमा भन्नुपर्दा महिलाको सङ्ख्या कम भएकाले छलफलमा उनीहरूको सहभागिता पनि कम छ । संविधान सभाको बनोट महिला-मैत्री छैन र यसको सम्बोधन हुनु आवश्यक छ । सामाजिक वातावरणले पनि महिलाहरूको क्रियाकलापलाई नियन्त्रण गर्छ । सुरक्षाको समस्या छ र छलफल कहिलेकाहीँ राति अबेरसम्म पनि चल्ने गर्छ ।

हाम्रो समाज अत्यन्तै पितसत्तात्मक भएकाले यहाँ महिला नेतृत्वलाई सजिलै स्वीकार गरिदैँन । पहिलो कदमका रूपमा यो धारणामा परिवर्तन ल्याउनु आवश्यक छ । देशमा भिन्न भागका महिलाले आ-आफ्नै किसिमका समस्या भोग्नुपर्छ । राज्यको पूर्नसंरचनाले महिलालाई मूलधारको प्रवाहमा ल्याउनको निम्ति महिला विषयक मुद्दालाई गम्भीर ध्यान दिनुपर्छ । उनीहरूको उत्थानका लागि विशेष अस्थायी व्यवस्था हुनुपर्छ । उनीहरूका आवश्यकताहरू राजनैतिक देखि आर्थिक व्यवस्थासम्मका छन् । उदाहरणको लागि महिलालाई पनि सम्पत्तिमा समान हक दिइए पनि यसको व्यवहारिक कार्यान्वयनमाथि ठूलो प्रश्न छ । हामीले लैङ्गिक-मैत्री सामाजिक-साँस्कृतिक वातावरणको सिर्जना गर्ने प्रयास गर्नैपर्छ ।

महिलाहरूले पनि राष्ट्र निर्माणमा उत्तिकै योगदान दिन सक्छन् भन्ने सन्देश प्रवाह गर्न सरकारले महिला उत्थानका विशेष योजनाहरू बनाउनुपर्दछ । सरकारले महिलालाई सहभागी गराउने अरू रोजगारी योजना प्रस्तुत गर्नुपर्छ । महिलाहरूको शैक्षिक स्तर अभिवृद्धि गर्न कक्षा १२ सम्मको शिक्षालाई निशुल्क र अनिवार्य बनाइनु पर्छ । महिलाहरूको प्रजनन भूमिकाका कारण उनीहरूको विशेष स्वास्थ्य आवश्यकता हुन्छ । स्वास्थ्य सुविधाले यो मुद्दालाई सम्बोधन गर्नुपर्छ । राष्ट्रिय बजेटबाटै महिला केन्द्रित

एउटा विशेष प्याकेजको तयारी र त्यसको कार्यान्वयन गरिनुपर्छ जसले गर्दा महिलाहरू उक्त सुविधाबाट लाभान्वित हुने सुनिश्चित हुन्छ । यस्ता योजना र परियोजनाको उचित अनुगमन तथा प्रतिवेदन पद्दति समेतको व्यवस्था हुनुपर्छ ।

प्रश्न : तपाईंले जन्म दिनुभएको एक महिनामै काममा फर्केर आउँदा पुरूष सहकर्मीहरूको प्रतिक्रिया कस्तो थियो ?

उत्तर : आफ्ना घरहरूबाट बाहिर निस्कन हिच्किचाउने अरू महिलाहरूसँग मेरो बारेमा कुरा गरेका कथाहरू मेरा साथीहरूले मलाई सुनाउँछन् । म खासगरी नेपाली काँग्रेसका लक्ष्मण घिमिरेको नाम उल्लेख गर्न चाहन्छु, जसले मेरो स्फूर्ति देखेर आश्चर्यचकित र प्रोत्साहित भएको कुरा सुनाउनु हुन्छ ।

प्रश्न : संविधान सभामा महिलाहरूको विशेष समूह (ककस)को बारेमा यहाँलाई के भन्नु छ ?

उत्तर : हालसम्म यसले विभिन्न क्रियाकलापहरू सकारात्मक तवरले पुरा गर्दै आइरहेको छ । यसले राज्यका संरचनाहरूलाई लैङ्गिक-मैत्री बनाउन एउटा सजग पहरेदारका रूपमा पनि काम गर्नुपर्छ जस्तो मलाई लाग्छ ।

प्रश्न : विषयगत समितिका मस्यौदाहरूमा संलग्न सबैभन्दा महत्वपूर्ण तीन बुँदा के के हुन् जसले महिलाको जीवनमा सकारात्मक परिवर्तन ल्याउने छन् ?

उत्तर : सर्वप्रथम राज्य पूर्नसंरचना समितिबाट सुनिश्चित गरिएको विशेष अधिकार । दोश्रो, मौलिक अधिकार समितिले महिलाको वंशजका आधारमा नागरिकता दिलाउने प्रावधानको व्यवस्था गरेको छ जुन महिला अधिकारको लागि राम्रो कुरा हो । तेस्रो, संवैधानिक अङ्गका रूपमा महिला आयोगको गठन ।

प्रश्न : महिला सभासदले संविधान सभामा कसरी महिलाका स्वरहरू पुऱ्याउन सक्छन् ?

उत्तर : महिलाको स्वर पुऱ्याउनलाई महिला सभासदहरू एकीकृत हुनुपर्छ । महिलाका मुद्दामा उनीहरूको एकै स्वर हुनुपर्छ । त्यति मात्र होइन, पुरूषहरूले पनि हाम्रो आवाज उठाउन सहयोग गर्नुपर्छ । हाम्रो आवाजहरू सुनाउन हामीले संविधान सभा भित्र र बाहिरका महिलाहरूका साथै अर्न्तराष्ट्रिय समुदायको पनि उपयोग गर्नुपर्छ । इतिहासमा पहिलो पटक हामीलाई अवसर दिइएको छ । हामीले यसलाई अर्थपूर्ण र सफल तुल्याउनु पर्छ ।

नागरिक समाज परियोजनाका गतिविधिहरू

नागरिक समाज परियोजना (पहुँच कार्यक्रम)को दोस्रो चरणअन्तर्गत सन् २०१०मा नागरिक समाज संगठनका मुख्य गतिविधिका रूपमा नेपालका सम्पूर्ण ३,९०० गाविस र २४० निर्वाचन क्षेत्रमा लोकतान्त्रिक संवादको कार्यक्रमहरू लैजाने योजना बनाइएको छ । यस कार्यक्रमले नेपाली जनतासँग उनीहरूको प्रस्तावित संविधानका बारेमा राय सङ्कलन गर्न सघाउने छ । तर लोकतान्त्रिक संवादको

सञ्चालन गर्न संविधानको मसौदा समयमै तयार हुनु जरूरी छ । तर संविधानको मसौदा अहिलेसम्म संविधान सभालाई प्रदान गरिएको अवस्था छैन र हालसालैको संविधान सभा कार्यतालिकाको दसौँ संशोधनले यसको मसौदा तयारी मिति पनि तय गरेको छैन । त्यसमाथि संविधान निर्माणको अनिश्चित स्थिति त छँदैछ । यस पृष्ठभूमिमा नागरिक समाज पँहुच एकाइले भावी रणनीतिहरूबारे छलफल गर्न नेपालभरिका (साझेदार) नागरिक समाज संगठनका परियोजना प्रबन्धकहरूसँग भेटघाट गऱ्यो । नागरिक समाज संगठन-(दोस्रो चरण) का यी प्रबन्धकहरूले लोकतान्त्रिक संवादको सञ्चालन गर्न प्रतिष्पर्धात्मक रूपमा छनौट गरिएका साझेदारहरूको प्रतिनिधित्व गरेका थिए । परियोजना प्रबन्धकहरूको यो बैठक लोकतान्त्रिक संवादको कार्यान्वयनसम्बन्धी स्पष्ट र साझा बुझाइ सुनिश्चित गर्नको लागि आयोजना गरिएको थियो । उक्त लोकतान्त्रिक संवाद कार्यक्रम नागरिक समाज पँहुच एकाइले हालसालै गराएको सहजकर्ताको तालिम पश्चात् सञ्चालन हुने कार्यक्रम छ ।

बैठकमा निम्न प्रश्नहरूबारे छलफल गरियो :

- संविधानको मसौदा बिना आउँदो लोकतान्त्रिक संवादलाई संचालन गर्ने उत्कृष्ट विधि वा पद्धति के होला ?
- यस्तो सम्वादबाट सामुदायिक तहबाट प्राप्त हुने सुझावलाई कस्तो असर पर्नेछ ?
- संविधानको मसौदा बिना संवाद सञ्चालन गर्न गाविस सहजकर्तालाई (यदि सहयोग आवश्यकता पर्ने भए) कस्तो अतिरिक्त सहयोगको आवश्यकता पर्ला ?
- समितिका महत्वपूर्ण प्रतिवेदनहरूका लागि आवश्यक सन्दर्भ सामग्री के के हुन् ?
- हालको सहयोगी पुस्तिका/निर्देशिका (म्यानुअल) मा समितिका अवधारणा पत्र बारेमा पर्याप्त जानकारी छ ?
- संविधान सभाका लागि २४० निर्वाचन क्षेत्रबाटै तयार पारिने अन्तिम प्रतिवेदनमा के के संलग्न गर्ने भन्ने बारे स्पष्ट रूपले बुझिएको छ ?

यो महत्वपूर्ण बैठकमा आगामी लोकतान्त्रिक सम्वादको कार्यान्वयन गर्न प्रस्तावित रणनीति, संवैधानिक संवाद केन्द्रको कानुन एकाइ ब्रीफिङ प्याकेजको विषयवस्तु, सहजकर्ताका लागि अतिरिक्त श्रोत सामग्री र निर्वाचन क्षेत्र तहका प्रतिवेदनका प्रस्तावित विषयवस्तुमाथि उत्कृष्ट र सक्रिय सहभागितापूर्ण छलफल सम्पन्न भयो । यसले नेपालमा सहभागितामूलक संविधान सुनिश्चित गर्नेछ ।

बीबीसी विश्व सेवा ट्रष्टका गतिविधिहरू

साझा सवाल कार्यक्रम

मार्चमा जुम्लामा दुईवटा साझा सवाल कार्यक्रम रेकर्ड गरियो । जुम्ला नेपालभरिको सबैभन्दा विपन्न र सीमान्तकृत क्षेत्रमा पर्छ जसलाई राजनैतिक प्रणाली र सञ्चार माध्यमले पनि बेवास्ता गर्छन् । विषय 'परोपकार' थियो र यसमा लगभग ३०० जनाको सहभागिता थियो । नयाँ संविधानमा प्रस्तावित विभिन्न प्रणालीका बारेमा दर्शकले प्रश्न गरेर यो कार्यक्रमको कार्यक्षेत्र फराकिलो बनाएका थिए । छलफलमा तीन चर्चित नेपाली व्यक्तित्व सहभागी थिए : समाज कल्याण परिषद्का उपाध्यक्ष दाताराम खनाल, विपन्न विद्यार्थीहरूका लागि 'समता विद्यालय' खोल्ने उत्तम सञ्जेल र जुम्ला क्षेत्रमा काम गरिरहेकी परिचित समाजसेवी दिलशोभा श्रेष्ठ । यो छलफल तालिका अनुसार अप्रिलमा प्रसारण गरिनेछ ।

जुम्लामा रेकर्ड गरिएको दोश्रो कार्यक्रम '**कर्णाली नयाँ संविधानका लागि बोल्छ**' विषयक थियो, जसमा ५०० भन्दा बढीको जनसहभागिता थियो । यस छलफलमा कर्णालीका संविधान सभा सदस्य नरेश भण्डारी नेकपा (माओवादी), कर्णालीकै अर्का संविधान सभा सदस्य देवी लाल थापा नेकपा (एमाले) र नेका केन्द्रीय समिति सदस्य (जुम्लाबाट) दिनबन्धु श्रेष्ठ सहभागी थिए । यो छलफल १४ मार्च २०१० मा कान्तिपुर टेलिभिजन, बीबीसी नेपाली सेवा, सामुदायिक रेडियो प्रसारक संघ तथा नेपालका अन्य रेडियो स्टेशनद्वारा प्रसारण गरिएको थियो ।

तेस्रो कार्यक्रम '**सरकार परिवर्तनका मुद्दा**' बारे रेकर्ड गरिएको थियो । नागरिक समाजका सहभागीहरूसँगको यो अर्न्तक्रियामा साझा सवालका प्रस्तोता नारायण श्रेष्ठले मध्यस्थकर्ताको भुमिका निर्वाह गरेका थिए । यो छलफल काठमाडौँको बेकरी क्याफेमा भएको थियो । यो छलफलमा नेकाका उपाध्यक्ष गोपालमान श्रेष्ठ, संविधान सभा सदस्य अमिक शेरचन र कान्तिपुर दैनिकका सम्पादक सुधिर शर्मा सहभागी थिए । तालिका अनुसार यो कार्यक्रम ४ अप्रिल २०१० मा कान्तिपुर टेलिभिजन, बीबीसी नेपाली सेवा, सामुदायिक रेडियो प्रसारक संघ तथा नेपालका अन्य रेडियो स्टेशनबाट प्रसारण गरिनेछ ।

मार्च अन्तिममा निधन हुनुभएका पूर्वप्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाको स्मरण गर्दै बीबीसीले साझा सवालको प्रथम श्रृङ्खलाको पुन:प्रशारण गऱ्यो । सो कार्यक्रम तात्कालिक सात दलीय गठबन्धन र अप्रिल १०, २००८ मा सफलतापूर्वक सम्पन्न भएको संविधान सभा निर्वाचनको बारेमा थियो । २१ मार्च २०१० मा यो छलफल कान्तिपुर टेलिभिजन, बीबीसी नेपाली सेवा, सामुदायिक रेडियो प्रसारक संघ तथा नेपालका अन्य रेडियो स्टेसनबाट प्रशारण गरिएको थियो ।

नाटक समूह (कथा मीठो सारङ्गीको) बारे ताजा विवरण

यो रिपोर्टिङ अवधिमा प्रसारित कार्यक्रमहरू (शिर्षक : *खेतबाट सिक*) सं्घीयता सम्बन्धित थिए, जसमा कृषिलाई रूपक बनाइएको थियो । यी श्रृङ्खलाहरूमा जैविक विविधतालाई रूपक बनाएर जातीय समन्वय, सामाजिक-साँस्कृतिक जातीय समन्वय र विविधताका मुद्दाहरू उठाइएको थियो । कार्यक्रमको

प्रमुख रेकर्डिङ पोखराका गाउँहरूमा गरिएको थियो । 'कथा मीठो सारङ्गीको' को यस पत्रिका कार्यक्रमका लागि अर्न्तवार्ता लिइएका विज्ञ/अतिथिहरू हुनुहुन्थ्यो : मानव श्रोत र कृषि विशेषज्ञ गणेश गुरूङ, कृषि विभागका महानिर्देशक भैरव राज कैनी, नेपाल पर्माकल्चर अशोसिएसनकी अध्यक्ष यम कुमारी श्रेष्ठ र, नेपाल जैविक प्रमाणीकरणका कृषि विशेषज्ञ भोला श्रेष्ठ । सो कार्यक्रम बीबीसी नेपाली सेवा, सामुदायिक रेडियो प्रसारक संघ तथा नेपालका अन्य रेडियो स्टेसनबाट मार्चमा विभिन्न समयमा प्रशारण गरिएको थियो ।

संविधान निर्माणसम्बन्धी श्रोतसामग्री एवं पछिल्ला प्रकाशनहरू



संविधान मसौदामा नागरिक विचारविमर्श

यो कार्यपत्रमा नेपालको नयाँ संविधानका लागि नागरिकसँग के कस्तो विमर्श गरिएको छ र के के गर्न बाँकी छ भन्नेबारे प्रस्तावना संलग्न छ । संविधान मसौदाका सम्बन्धमा आफ्ना विचार अघि सार्न कसरी व्यक्तिहरूलाई तयार पार्न सकिन्छ भन्ने विवरण यसमा उल्लेख छ । यसले नागरिक विचारविमर्श गर्नका लागि समयको सीमितताको महत्व उठान गर्दछ । साथै, यसले जनताका लागि लेखिंदै गरेको संविधानका सन्दर्भमा प्रभावकारी योजना र रणनीति तयार पारेर कसरी ती सीमितताका असरहरूलाई कम गर्न सकिन्छ भनेर पनि विचार गर्छ ।

यो कार्यपत्र विशेषगरी महिलाहरूलाई सम्बोधन गरी तयार पारिएको छ तर संविधानको मसौदालाई आफ्ना विचारमार्फत् प्रभावित तुल्याउन इच्छुक सबैको लागि यो उपयोगी श्रोत हो । यो छलफलका लागि प्रस्तुत कार्यपत्रकी लेखक जिल कोटरेल (*अर्न्तराष्ट्रिय आइडिया* अन्तर्गत वीमिन एण्ड कन्स्टिच्युसन विल्डिङ् इनिसिएटिभकी वरिष्ठ सल्लाहकार हुन् र सम्पादक सेसिलिया बाइलेस्जो (अर्न्तराष्ट्रिय आइडिया/नेपाल अफिसकी लैङ्गिक सल्लाहकार) हुन् । यो कार्यपत्र अङ्ग्रेजीमा लेखिएको र नेपालीमा अनुवाद गरिएको हो ।

सम्पर्क : रिता राई (इमेल : r.rai@idea.int) अथवा दिप्ति खकुरेल (इमेल : d.khakurel@idea.int) । फोन नम्बर : ०१-५५३५२५२



संघीय प्रणालीहरूको तुलना । प्राध्यापक रोनाल्ड वाट्सले विभिन्न खालका संघीय प्रणालीका संरचना र संचालनका बारे स्पष्ट विश्लेषण प्रस्तुत गरेका छन् । विश्वभरिका संघीय प्रणालीका अनुभवबाट सिक्न सकिने थुप्रै कुरा छन् । हाल विश्वमा पच्चीसवटा क्रियाशील संघीय सरकारहरू छन् (जस अन्तर्गत विश्वका ४० प्रतिशत भन्दा बढी जनता पर्दछन्) । वर्तमान विश्वमा संघीय

प्रणालीको लोकप्रियताको कारण के हो भने यसको प्रयोग बेग्लाबेग्लै ढंगले भएको छ र यसले केही नौला पद्धति र प्रयोगलाई पनि अँगालेको छ ।



राज्य पुनःसंरचना र संविधानसभा सन्दर्भ ग्रन्थ । कैलाश राई र चिरण मानन्धरद्वारा सङ्कलित तथा मार्टिन चौतारी समूहबाट २००९ मा प्रकाशित । यो सन्दर्भ ग्रन्थ पाँच भागमा विभाजित छ । ती हुन् : १) पुस्तक २) लेख रचना ३) प्रतिवेदन ४) गोष्ठी कार्यपत्र ५) बुलेटिन र पत्रिका । यो पुस्तक नेपाली भाषामा छ ।